जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ।-कवि पवेन्द्र मानश्रेष्ठ
समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक
जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
जि. महोत्तरी हु.द.नं. ४/०८०/८१
सबै क्षेत्रको प्रवर्द्धनको गुरु
www.jaleshwortoday.com
# जलेश्वर टुडे
Jaleshwor Today National Daily
एक कदम अगाडि
बर्ष १३ • अंक २४० • २०८३ असार ६ गते शनिवार • 20 Jun. 2026 • पृष्ठ ४ • मूल्य रु.५/-




# ‘सुरक्षित आश्रय स्थल’ को एक विशेष समारोहबीच उद्घाटन गरी समुदायलाई हस्तान्तरण

जलेश्वरटुडे समाचारदाता
महोत्तरी, ५ असार

महोत्तरीको बलवा नगरपालिका वडा नं. ४ तिलगढमा १ करोड ५६ लाख ८७ हजार ७९५ रुपैयाँ २६ पैसाको लागतमा निर्माण सम्पन्न भएको ‘सुरक्षित आश्रय स्थल’ (क्afe Shelter) को एक विशेष समारोहबीच उद्घाटन गरी समुदायलाई हस्तान्तरण गरिएको छ। वेलायत सरकारको आर्थिक सहयोगमा सञ्चालित Resilience Adaptation and Inclusion in Nepal (RAIN) परियोजना अन्तर्गत निर्माण गरिएको उक्त बहु-प्रकोप प्रतिरोधी भवनको उद्घाटन प्रमुख अतिथि बलवा नगरपालिकाका नगर प्रमुख राम विजय महतोले रिबन काटी तथा शिलालेख अनावरण गरी गर्नुभएको हो ।



उद्घाटनसँगै भवन औपचारिक रूपमा स्थानीय समुदायलाई हस्तान्तरण गरिएको छ । उद्घाटन समारोहलाई सम्बोधन गर्दै नगर प्रमुख राम विजय महतोले भवन निर्माण गर्नु मात्र पर्याप्त नभई यसको दीर्घकालीन संरक्षण र प्रभावकारी उपयोगका लागि स्थानीय समुदायको सक्रिय भूमिका आवश्यक रहेको बताउनुभयो । उहाँले यस आश्रय स्थललाई समुदायको साझा सम्पत्तिका रूपमा ग्रहण गर्दै सुरक्षित राख्न स्थानीयवासीले जिम्मेवारी लिनुपर्नेमा जोड दिनुभयो ।

“यो भवन विपद्को समयमा नागरिकको जीवन रक्षा गर्ने महत्वपूर्ण संरचना हो। यसको सुरक्षा, संरक्षण र उचित उपयोगको जिम्मेवारी अब समुदायको हो,” उहाँले भन्नुभयो। साथै उहाँले भवनलाई विपद्को समयमा आश्रयस्थलका रूपमा तथा अन्य समयमा सामाजिक, शैक्षिक र सामुदायिक गतिविधिका लागि उपयोग गर्न आग्रह गर्नुभयो । भवन निर्माणका लागि कुल १ करोड ५६ लाख ८७ हजार ७९५ रुपैयाँ २६ पैसा खर्च भएको छ। यसमध्ये भवन निर्माणमा १ करोड ५० लाख ५७ हजार २८४ रुपैयाँ १५ पैसा तथा खोज, उद्धार तथा अन्य व्यवस्थापन सामग्री खरिदमा ६ लाख ३० हजार ५११ रुपैयाँ १२ पैसा खर्च गरिएको जनाइएको छ । २.५ तल्ले आरसीसी संरचनामा निर्माण गरिएको भवनको कुल क्षेत्रफल २ हजार ५९३ वर्गफिट रहेको छ भने एकैपटक १६५ जनासम्मलाई सुरक्षित आश्रय प्रदान गर्न सक्ने क्षमता रहेको छ । भवनमा अपाङ्गमैत्री र्याम्प, महिला तथा पुरुषका लागि छुट्टाछुट्टै हल, स्तनपान कक्ष, सुरक्षित शौचालय तथा फिल्टर गरिएको स्वच्छ खानेपानीको व्यवस्था गरिएको छ । वेलायत सरकारको Foreign, Commonwealth and Development Office (FCDO) को आर्थिक सहयोगमा सञ्चालित चब्क्ष्ल परियोजना अन्तर्गत म्बलऋजगचअजब्ृम (DCA) को नेतृत्व तथा People in Need ( PIN) को सहकार्यमा भवन निर्माण सम्पन्न गरिएको हो। परियोजनाको स्थानीय कार्यान्वयन LI–BIRD ले गरेको जनाएको छ । विपद्को समयमा सुरक्षित आश्रय उपलब्ध गराउनुका साथै सामान्य अवस्थामा सामुदायिक सभा, तालिम, बैठक तथा शैक्षिक गतिविधि सञ्चालनका लागि समेत भवन उपयोगी हुने विश्वास गरिएको छ । कार्यक्रम वडा नं. ४ का अध्यक्ष प्रमोद कुमार यादवको अध्यक्षता, प्रमुख अतिथिमा नगर प्रमुख राम विजय महतो, विशिष्ट अतिथिमा राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका उप-सचिव गोमा पोखरेल ढकाल, जिल्ला सशस्त्र प्रहरी प्रमुख शेर बहादुर देउवा, पिपुल इन निड ( PIN) का कार्यक्रम म्यानेजर विवेक मानन्धर, डीसीए (DCA) का कृति श्रेष्ठ, लक्ष्मण खत्री लगायत स्थानीय जनप्रतिनिधि, भद्रभलाद्मी तथा सर्वसाधारणको उल्लेख्य उपस्थिति रहेको थियो ।







लामखुट्टेको टोकाइबाट बचौं र बचाऔं

- घर वरिपरि पानी जम्न नदिऔं,
- सुत्दा अनिवार्य रूपमा झुल/मच्छरदानी प्रयोग गरौं,
- लामखुट्टेबाट बच्न पूरा शरीर ढाकिने कपडा लगाऔं,
- घर तथा वातावरण सफा र स्वच्छ राखौं,
- झ्याल–ढोकामा जालीको प्रयोग गरौं,
- डेंगु, मलेरिया जस्ता रोगका लक्षण देखिएमा तुरुन्त स्वास्थ्य संस्थामा जाऔं,
- फोहोर व्यवस्थापनमा ध्यान दिई लामखुट्टे बढ्न नदिऔं,
- समुदायस्तरमा सरसफाई अभियान सञ्चालन गरौं ।

सचेतना र सरसफाई नै सुरक्षित जीवनको आधार हो ।

नेपाल सरकार
विज्ञापन बोर्ड




# ---हाम्रो उचाइ--

*त्यो साम्राज्य सामन्ति थलोमा,,*
*पाइखानालाइ अमृत मानि सोर्न जानेलाइ,,*
*हामि सामर्थ्य सोच्छौं,,. तर*
*घरमा आमालाइ रोगले चाप्दा,,*
*ओखती किन्ने पैसा नभएर,*
*बिहान बेलुकी मझेरि टार्ने,*
*भकारीमा अन्न नभएर परदेशिने लाइ हामि...*
*खाडि छिर्नेलाइ हामि नोकर कामर्थ्य ठान्छ*
*जसको पसिनाले प्रत्यक पल देशलाइ थामिरहेको छ,,*
*थुक्क पाखे रे म तोरि तोलले सजिँदा,*
*ठान्छौं हेलेनको हिरो जो कडा जेलले सजिँदा, ..*
*त्यो हिन्दी अङ्ग्रेजी अगाडि,,*
*मेरो आमाले तोते हाल्दै सिकाएको भाषा,,*
*तङ्गिन नसकेर पछारिएको देखि, उठाउन कोशिस गर्दा,,*
*मेरा बा ले लगाएर हराएको,,*
*दौरा सुरूवाल खोज्ने जमर्को गर्दा,,*
*मेरो गाउँ चौतारिमा बज्ने,,*
*कोइलिको मितेरी लोक भाका कण्ठ्याउँदा,,*
*म परापुर्वककालको जङ्गलि ठहरिएको छु,, जङ्गली..*
*त्यो लुम्बिनी त्यो सगरमाथा नहेरि,*
*उत्तरार्धमा पुग्दा,, हामिलाइ कुनै पछुतो छैन,,*
*तर लण्डन पुगिएन बडो निसङ्कोच छ,,*
*ओइ तँ कहाँ छस,एउटाले सोध्यो, म गाउँमा छु,उत्तर दिएँ*
*थुक्क साले फलानो अस्ट्रेलिया पुगि सक्यो,,*
*दुख लाग्यो फलानो गाउँमा पुग्न सकेनछ*
*अर्को पछुतो गर्दै थियो*
*साला कस्तो देशमा जन्मिएछु,, जहाँ एउटा सियो पनि बन्दैन,,*
*सोच्दैछु त्यो नेपाली हो होइन*
*सियो बनाउने काम तेरो कि नेपालको?*
*तँलाइ नेपाली बनाउनु ठुलो कि सियो?.*
*जहाँ आफ्नै पुर्खालाइ संसारले भगवान मानेको छ, त्यहि*
*आज पराइका पुर्खा पुज्न थालिएको छ,*
*लुम्बिनी भुलेर सपनामा बेवोलिन देख्न थालिएको छ*
*जहाँ आमाको भन्दा भुइँफुट्टा तरूनिको गर्व गर्न*
*थालिएको छ जहाँ सगरमाथा भन्दा,*
*इफेलको उचाइ बढ्न थालेको छ , र अनि हाम्रो उचाइ? ,,*

**राज बस्नेत**

# राष्ट्रिय कृषि नीतिका लागि महासंघले बुझायो सुझाव

**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, ५ असार**

देशै भरिका कृषक समूहहको छातासंगठन राष्ट्रिय कृषक समूह महासंघ, नेपालले राष्ट्रिय कृषि नीति २०८२ ( मस्यौदा) मा समावेश गराउन कृषि तथा पशुपक्षी विकास समक्ष २०८३ आषाढ २ गते किसानी सुझाव पेश गरेको छ ।

नीति तजुर्माको छलफल प्रकृयाहरुमा सहभागी हुँदै आएको महासंघले कृषि भूमिको संरक्षण, परम्परागत ज्ञान, सीपको सदुपयोग गर्दै, प्रकृती सम्बत पर्यावरण मैत्री कृषिको प्रवर्द्धन साथै किसानको सम्मान साथै स्वच्छ उत्पादनको उद्यमशीलताको प्रवर्द्धनलाई जोड दिएको छ ।

**यस्ता छन् सुझाव :** उत्पादक समुह (कृषक समुह, पशुसेवा समूह, कृषि सहकारी) को सहभागितामा समुहखेती र चक्लाबन्दि खेती प्रवर्द्धन गरी कृषि प्रसार, कृषि उत्पादन र उत्पादकत्व बृद्धि -कृषि भूमिको संरक्षण, विकास र सदुपयोग ( जग्गाको कृषि उत्पादनमा उपयोग)का लागि स्थानीय सरकार मार्फत किसानलाई प्रोत्सान (वर्गिकरण सहितको किसान परिचय पत्र,स्वास्थ्य, शिक्षा, सामाजिक सुरक्षा र पेन्सन, ) को प्याकेज प्रदान गरी योजनाबद्ध उत्पादन (स्थानीय तहको योजना, कृषि प्रविधिकको सहयोग, बिक्रीको सुनिश्चिता) प्रणालीमा सहयोग सहजीकरण, -कृषक पाठशाला विधिलाई संस्थागत गरि सामुदायिक अन्वेशण र सिकाई थलोको रुपमा विकास गरी कृषि अनुसन्धान, कृषि शिक्षा र कृषि प्रसारको अन्तरसम्बन्लाई सुदृढ र प्रभावकारी बनाउन कानुन तर्जुमा, -समुदाय, कृषक समूह, सहकारी, नीजि, सरकारी निकायको संलग्नता रहने गरी सहभागितामुलक कृषि प्रसार पद्धतीलाई सुदृढीकरण, -कृषक समूह, पशुसेवा समूहलाई कृषि प्रसारको अभिन्न अंगको रुपमा विकास गरी कृषक पाठशाला मार्फत कृषि प्रविधि विस्तार र उपयोग, -पर्यावरणीय कृषिको प्रवर्द्धनको लागि संरचना र संयान्त्र, स्वस्छ उत्पादनको सहभागिता मूलक प्रमाणीकरणको लागि कृषक समूह, पशुसेवा समूह, कृषि सहकारी, उत्पादक किसानको संलग्नतामा आधारीत विधि अनुसरण, -कृषि शिक्षालाई ब्यवहारीक, प्रयोगात्मक बनाई नेपाली भूगोल र कृषि विकासमा टेवा पुर्याउने अध्ययन अनुसन्धानलाई जोड, -किसान ब्यवस्थित साना सिचाईहरुको पूर्नउत्थान र संरक्षणको एवं वन्य जन्तु र मानवविचको द्वन्द्ध ब्यवस्थापन र कृषि पेशालाई सम्मानीत पेशा, -संघीय, प्रदेश र स्थानीय तहका कृषि विकास समितिमा राष्ट्रिय कृषक समूह महासंघ नेपालको संस्थागत प्रतिनिधित्व रहनुपर्ने सुझाव दिएको छ ।

# नेपाल-भारतका सीमा अधिकारीको बैठक जनकपुरधाममा सम्पन्न



**मो. इर्शाद**
**जनकपुरधाम, ५ असार**

नेपाल-भारत सीमा तथा फिल्ड सर्भे टिमको जनकपुरधाममा बिहीवार सम्पन्न भएको बैठकले सीमा क्षेत्रको पिलरहरू सुधारमा भएको प्रगतिको समीक्षा गरेको छ ।

नेपाल र भारतका सीमावर्ती क्षेत्रका जिल्लाहरूको उच्च अधिकारीको सहभागितामा भएको संयुक्त बैठकमा विभिन्न कारणले भत्केको वा हराएको सीमा स्तम्भहरूको मरम्मत तथा नयाँ निर्माण सम्बन्धि विवरण प्रस्तुत गरिएको हो । बैठकमा सीमा क्षेत्रमा भएका मुख्य पिलर तथा सहायक पिलर गरेर नेपाली पक्षले २८ वटा मरम्मत गरेको छ भने भारतले २९ वटाको मरम्मत गरेको नेपालको तर्फबाट नेतृत्व गर्नुभएका सिरहा जिल्लाका प्रमुख जिल्ला अधिकारी सुरेन्द्र पौडेलले जानकारी दिनुभयो । यसै गरि सीमा क्षेत्रमा विभिन्न कारणले पूर्ण रुपमा समाप्त भएर हराएका १२ वटा पिलरको नेपाली पक्षले पुनः निर्माण गर्नुका साथै यस अवधिमा भारतीय पक्षबाट ३ वटाको पुनः निर्माण गर्ने काम भएको उहाँले जानकारी दिनुभयो । बैठकमा भारतको इस्ट चम्पारन, वेस्ट चम्पारन, सुपौल, मधुबनी र सीतामढी जिल्लाका डिष्ट्रीक मजिस्ट्रेट (डिएम) र नेपालका तर्फबाट धनुषा, महोत्तरी, पर्सा, सिरहा र सप्तरी जिलाका प्रमुख जिल्ला अधिकारीहरू तथा दुवै देशका जिल्ला सुरक्षा प्रमुखहरू, नापी प्रमुखहरू, डिभिजन बनका प्रमुखहरू, पूर्वाधार कार्यालयका प्रमुखहरू जिल्ला, विभाग र वाणिज्य दूतावासका अधिकारीको सहभागिता रहेको थियो ।

सूचना ! सूचना !! सूचना !!!




खानेपानी तथा सरसफाई डिभिजन कार्यालय
महोत्तरी जलेश्वर, मधेश प्रदेश

## तपाईको टुडे

मेष: अनावश्यक खर्चको संभावना
वृष: पिछडेको साथी मिल्ने
मिथून: लामो यात्राको योग छ
कर्कट: विचार गरेर बोल्नुहोला
सिंह: मित्रतामा फाटो आउने
कन्या: पढाईमा ध्यान दिनुपर्ने
तुला: अशुभ समाचार प्राप्त हुने
वृश्चिक: खानपानमा समस्या आउने
धनु: अनावश्यक चिन्ता
मकर: मनमा पछुतो आउने
कूम्भ: आम्दानी हुने
मीन: शुभ कार्यको शुरुवात

## मधेश प्रदेशको गौरव



**श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं ।**



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

**श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा**

## आवश्यक टेलिफोन नम्बरहरु

### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

**आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७**

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| **जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर** | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| विहान पुजा आरती | : ०५:३० बजे |
| विहान ढोका बन्द | :१२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | :०४:०० बजे |
| सन्ध्या पूजा आरती साँझ | :०६:३० बजे |
| राति ढोका बन्द हुने समय | : १२ बजे |

(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर पुजाआजा

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| विहान पुजा आरती | : ०७:३० बजे |
| विहान ढोका बन्द | :१२:०० बजे |
| अन्न क्षेत्र | : नि:शुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | :०४:०० बजे |
| सन्ध्या पूजा आरती साँझ | :०७:३० बजे |

# अस्थायी डाइभर्सन वर्षापछि भासिँदा दुई जिल्लाबीचको सवारी आवागमन प्रभावित



**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, ५ असार**

सिरहा र धनुषा जिल्लालाई जोड्ने कमला नदीस्थित पुल नजिक निर्माण गरिएको अस्थायी डाइभर्सन वर्षापछि भासिँदा दुई जिल्लाबीचको सवारी आवागमन प्रभावित भएको छ।

डाइभर्सनमा क्षति पुगेपछि स्थानीयवासी जोखिमपूर्ण रूपमा डुङ्गा प्रयोग गरेर नदी वारपार गर्न बाध्य भएका छन्। सिरहाको बसबिट्टा क्षेत्रतर्फ करिब एक करोड २५ लाख रुपैयाँको लागतमा निर्माण गरिएको तारजाली र माटोयुक्त अस्थायी डाइभर्सन केही महिनाअघि मात्रै सञ्चालनमा आएको थियो। तर, बिहीबार राति परेको वर्षापछि संरचनाको ठूलो भाग भासिएसँगै चारपाङ्ग्रे सवारी साधनको आवागमन पूर्ण रूपमा बन्द भएको छ। स्थानीयवासी श्याम यादवका अनुसार सामान्य वर्षापछि नै डाइभर्सनमा व्यापक क्षति पुगेको छ। माटो कटान निरन्तर भइरहेकाले बाँकी संरचना पनि जोखिममा रहेको उनले बताए। हाल केही मोटरसाइकल चालकले जोखिम मोलेर आवतजावत गरिरहेका भए पनि अधिकांश यात्रु डुङ्गाको भर पर्न बाध्य भएका छन्। जिल्ला प्रशासन कार्यालय सिरहाका प्रमुख जिल्ला अधिकारी सुरेन्द्र पौडेलले कमला नदीमा पानीको बहाव बढेपछि डाइभर्सनमा क्षति पुगेको जानकारी प्राप्त भएको बताए। उनका अनुसार विगत दुई सातादेखि आवागमन प्रभावित रहेको छ भने नागरिकहरू वैकल्पिक रूपमा डुङ्गा प्रयोग गरिरहेका छन्। जोखिमपूर्ण यात्रा नगरी सुरक्षित र वैकल्पिक मार्ग प्रयोग गर्न उनले आग्रह गरेका छन्।

## बहु-प्रकोपीय सुरक्षित आश्रय स्थल हस्तान्तरण कार्यक्रम



बलवा नगरपालिकाको सहजीकरण तथा समन्वयमा बेलायत सरकारको आर्थिक सहयोगमा सञ्चालित रेम परियोजना द्वारा बलवा नगरपालिका वडा नं. ४ तिलगढमा सुरक्षित आश्रय स्थल' को निर्माण कार्य सम्पन्न गरी आज मिति २०८३ असार ५ गतेका दिन बलवा नगरपालिकाको नगर प्रमुख श्री राम बिजय महतो द्वारा समुद्घाटन गरी समुदायमा हस्तान्तरण गरियो।

**विशेष सहजीकरण: श्री प्रमोद कुमार यादव,**
**वडा अध्यक्ष,**

# बालविकास शिक्षकहरूका लागि पाँचदिने आधारभूत तालिम सुरु

**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, ५ असार**



प्रारम्भिक बालशिक्षालाई थप प्रभावकारी, सिर्जनात्मक र बालमैत्री बनाउने उद्देश्यले महोत्तरीको जलेश्वरमा बालविकास शिक्षकहरूका लागि पाँचदिने आधारभूत तालिम सुरु भएको छ। रतौली युवा क्लबको आयोजनामा सञ्चालन भएको तालिममा मनराशिसवा नगरपालिका र बलवा नगरपालिकाका बालविकास केन्द्रमा हालै नियुक्त १६ जना शिक्षक सहभागी भएका छन्।

सहभागीमध्ये १५ जना मनराशिसवा नगरपालिकाका तथा एक जना बलवा नगरपालिकाका शिक्षक रहेका छन्। आयोजकका अनुसार तालिमको मुख्य उद्देश्य बालबालिकालाई खेल, कथा, गीत, कविता तथा अन्य सिर्जनात्मक विधिमार्फत सिकाइप्रति आकर्षित गर्दै प्रारम्भिक शिक्षाको गुणस्तर अभिवृद्धि गर्नु हो। रतौली युवा क्लबका शिक्षा अधिकृत शिवशंकर चौधरीले बालबालिकाको सिकाइ यात्राको आधार बालविकास कक्षाबाट सुरु हुने भएकाले शिक्षकहरूको क्षमता विकासमा विशेष ध्यान दिन आवश्यक रहेको बताए।

उनले तालिममार्फत नयाँ शिक्षकहरूलाई बालमैत्री शिक्षण विधि, कक्षा व्यवस्थापन तथा बालबालिकाको मनोविज्ञान अनुसार सिकाइ सहजीकरणका व्यावहारिक पक्षबारे प्रशिक्षण दिइने जानकारी दिए। तालिम उद्घाटन कार्यक्रममा मनराशिसवा नगरपालिकाका शिक्षा प्रमुख जयशंकर मण्डलले प्रारम्भिक बालशिक्षा बालबालिकाको भविष्य निर्माणको महत्वपूर्ण आधार भएकाले शिक्षकको भूमिका अत्यन्त संवेदनशील र जिम्मेवार हुने बताए।

# सशक्त बालिका परियोजनाको जिल्लास्तरीय समीक्षा सम्पन्न

**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, ५ असार**



सशक्त बालिका परियोजना (GSS)को जिल्ला स्तरीय बार्षिक समीक्षा जनकपुरधाममा सम्पन्न भएको छ। प्लान इन्टरनेशनल नेपालको साझेदारीमा जानकी महिला जागरण समाज, सामाजिक विकास र अनुसन्धान केन्द्र, सामुदायिक परिवार कल्याण संघ र सपोर्ट नेपालले स्थानीय तह र संघीय सरकार मातहतको निकायसँग समन्वयमा संचालित सशक्त बालिका परियोजनाको शुक्रबार समीक्षा गरिएको हो। प्रारम्भिक बाल विकास, बालिका संरक्षण र युवा रोजगार तथा उद्यमशिलता विकास कार्यक्रम उक्त परियोजना अन्तर्गत संचालन गरिएको हो।

वर्ष दिनको अवधिमा परियोजना अन्तर्गत गरिएको कृयाकलापको उपलब्धी, चुनौती र सुधार गर्नुपर्ने बारे सीमक्षा कार्यक्रममा छलफल गरिएको हो। चार वटै संस्थाका कार्यक्रम संयोजकहरुले प्रस्तुतीकरणमार्फत एक वर्षको क्रियाकलापहरु प्रस्तुत गरेका थिए। उक्त कार्यक्रमले गर्दा परियोजना संचालन भइरहेको पालिकाको स्वास्थ्य सुचकहरुमा उल्लेख्य प्रगति भएको प्रस्तुतीकरणको क्रममा जानकारी दिइएको थियो। धनुषाको सबैला नगरपालिका, शहीदनगर नगरपालिका, कमला नगरपालिका, विदेह नगरपालिका र जनकनन्दनी गाउँपालिकामा उक्त परियोजना संचालनमा रहेको छ। स्वास्थ्य कार्यालय धनुषाका निमित्त प्रमुख नवल किशोर साहले परियोजनाले स्थानीय किशोर किशोरीहरुमा व्यक्तित्व विकास, प्रजनन स्वास्थ्य लगायतमा सचेतना आएको बताए। किशोर किशोरी सचेत भएमा सामाजिक कुरीतिहरु अन्त्य गर्न सहज हुने विश्वास व्यक्त गर्दै साहले यस्तो कार्यक्रम बाँकी वडाहरुमा समेत संचालन गर्नुपर्नेमा जोड दिए। प्लान इन्टरनेशनल नेपालका कार्यक्रम विज्ञ मिहिरकुमार झाले लागूऔषध दुरुपयोग न्यूनीकरण, धूम्रपान त्याग, विद्यालय छाडेका युवाहरू पुनः विद्यालयमा फर्किने जस्ता सकारात्मक परिवर्तन देखिएको बताए। परियोजनाको प्रभाव किशोरीहरूमा बढी देखिएको उल्लेख गर्दै उनले अनलाइन सुरक्षा, सामाजिक सञ्जालको जिम्मेवार प्रयोग तथा लागूऔषध नियन्त्रणका क्षेत्रमा थप प्रभावकारी कार्यक्रम आवश्यक रहेको बताए।

सामुदायिक परिवार कल्याण संघका अध्यक्ष महेन्द्र प्रसाद यादवको अध्यक्षतामा भएको कार्यक्रममा किशोरी समूह र परिवतर्नका संवाहक किशोरीहरुले साईवर सुरक्षा, घरेलु हिसा, र्दुव्यवहार र बालविवाह न्युनीकरणमा सक्रियतापूर्वक काम गरिरहेको परियोजनाका कार्यक्रम संयोजकहरुले जानकारी दिए। प्रजनन स्वास्थ्यको अधिकार र यस बारेमा समुदायका किशोरीहरु सचेत भएको उनीहरुले बताए। स्थानीय तहका स्वास्थ्य संयोजकहरुले कार्यक्रम संचालन भएको वडाहरुमा अभिभावक शिक्षा र स्वास्थ्य आमा समूहको गतिविधिले (ज:क्ष्क) राम्रो उपलब्धिमूलक देखिएकोले यसको निरन्तरताको लागि साझेदार संस्था र नगरपालिकाहरुले काम गर्नुपर्नेमा जोड दिए। परिवर्तनका संवाद (सीओसी) सहजकर्ताका लागि प्रशिक्षक प्रशिक्षण, ग्रेजुएसन समारोह तथा नियमित सीओसी कक्षा सञ्चालन गरिएको छ। साथै हानिकारक सामाजिक मूल्य-मान्यता, भेदभाव तथा यौन तथा प्रजनन स्वास्थ्य अधिकारसम्बन्धी अवरोध न्यूनीकरणका लागि वडाध्यक्षको संयोजकत्वमा १६ वटा सीओसी व्यवस्थापन समिति गठन गरी नियमित बैठक सञ्चालन गरिएको जानकारी दिए।

जानकी महिला जागरण समाजकी परियोजना संयोजक निकिता सिंह यादवले बाल संरक्षण, बाल अधिकार, किशोरी सशक्तीकरण तथा युवा रोजगार प्रवर्द्धनका क्षेत्रमा परियोजनाले महत्वपूर्ण योगदान पुऱ्याएको बताइन्। बाल अधिकारका चार आधारभूत पक्ष (बाँच्न पाउने, संरक्षण, विकास तथा सहभागिताको अधिकार) सम्बन्धी जनचेतना अभिवृद्धि गरिएको जानकारी बताइन्। साथै किशोरी क्लब गठन, बालविवाहमुक्त टोल घोषणा, सकारात्मक अभिभावकत्व, जीवनोपयोगी सीप तालिम, लैङ्गिक समानता तथा सुरक्षित बसाइँसराइसम्बन्धी कार्यक्रम सञ्चालन गरिएको उनले जानकारी दिइन्। समीक्षामा आयोजक संस्थाहरु सपोर्ट नेपालका कार्यबाहक अध्यक्ष सुनिल मल्लिक, समाजिक विकास र अनुसन्धान केन्द्रका अध्यक्ष मञ्जु कुमारी यादव र जानकी महिला जागरण समाजका अध्यक्ष मन्दाकिनी कर्णसहित संस्थाका कार्यक्रम संयोजक, फिल्ड सुपरभाइजर, सिओसी कक्षाका च्याम्पियनहरु, माहिला स्वास्थ्य स्वयंसेविका, पालिकाका स्वास्थ्य शाखाका प्रमुखहरुको सहभागिता रहेको थियो।

सूचना ! सूचना !! सूचना !!!

समयमै विद्युत महशुल तिरी अनावश्यक लाईन काटिने झण्झटबाट बचौं ।

बिद्युत चुहावट नियन्त्रण अभियानमा सहभागी बनौं ।

नेपाल विद्युत प्राधिकरण
वितरण केन्द्र जलेश्वर, महोत्तरी

# नाम मात्रैको अभिमुखीकरण, जोखिममै श्रमिक

-वैदेशिक रोजगारमा जाने नेपाली श्रमिकका लागि अभिमुखीकरण प्रक्रिया अझै कागजी औपचारिकतामा सीमित छ, जसले व्यावहारिक सुरक्षा र आवश्यक जानकारी दिन सकेको छैन। सूचना प्रविधिको विकाससँगै डिजिटल माध्यम र सामाजिक सञ्जालमार्फत श्रमिकलाई सही सूचना र सहायता पुऱ्याउने व्यवस्था गर्न आवश्यक छ।

अभिमुखीकरण सुधार प्रशासनिक मात्र नभई मानव सुरक्षा र राज्यको उत्तरदायित्वसँग जोडिएको विषय भएकाले, यसलाई श्रमिक सुरक्षासँग जोड्ने कार्यमा ढिलाइ गर्नु हुँदैन। रोजगार व्यवस्थापनको बलियो विकल्प मात्रै होइन, राष्ट्रिय अर्थतन्त्र धान्ने प्रमुख आधार पनि हो- वैदेशिक रोजगार। गाउँदेखि सहरसम्म, विपन्न परिवारदेखि शिक्षित युवासम्म लाखौं नेपालीको जीवन वैदेशिक रोजगारीसँग प्रत्यक्ष जोडिएको छ। तर, यति ठूलो सामाजिक र आर्थिक महत्त्व बोकेको क्षेत्रमा अझै श्रमिक सुरक्षा, सूचना पहुँच र व्यावहारिक सहजीकरणमा राज्यका संयन्त्र कमजोर छन्। वैदेशिक रोजगारमा समाजवादी चिन्तनबाट आकर्षित हुँदै २०४२ को ऐनलाई परिमार्जन गरी वैदेशिक रोजगार ऐन, २०६४ मा अनावश्यक र नियन्त्रणकारी प्रावधान थपियो। न यो ऐनले वैदेशिक रोजगारलाई सुरक्षित बनाउन सक्यो, न मर्यादित। अभिमुखीकरण अहिले पनि धेरै हदसम्म कागज मिलाउने प्रक्रिया बनेको छ। यसलाई श्रमिकको जीवन र अधिकार जोगाउने माध्यमका रूपमा रूपान्तरण गर्न ढिला भइसकेको छ। हालको अभिमुखीकरण प्रणालीको मूल समस्या नै यसको संरचना र उद्देश्यमा छ। श्रमिकलाई गन्तव्य मुलुकको कानुन, कामको प्रकृति, भाषा, जोखिम, सामाजिक व्यवहार, सहायता संयन्त्र, श्रमिक अधिकार र आपत्कालीन अवस्थाबारे व्यावहारिक जानकारी दिनुपर्नेमा अभिमुखीकरणमा औपचारिक ऐन र नियमावलीका प्रावधानबारे जानकारी गराइन्छ। न्यून शिक्षा भएका, नेपाली भाषा राम्रोसँग बोल्न-बुझ्न नजान्ने र काठमाडौं पहिलो पटक आएका श्रमिकका लागि यो प्रक्रिया झन्झटिलो र खर्चिलो बनेको छ। अभिमुखीकरणका लागि यातायात, खानालगायत खर्चका कारण औसतमा एक श्रमिकले करिब १२ हजार खर्च गर्नुपर्छ। यसले श्रमिकको लागत मात्रै बढाएको छैन, कागजी अभिमुखीकरणले विदेशमा आवश्यक व्यावहारिक ज्ञान पनि तिनले पाएका छैनन्।

सरकारी ढिलाइको मूल्य श्रमिकले तिर्दै: अभिमुखीकरणमा देखिएका समस्या कुनै प्राविधिक कमजोरी मात्रै बनेको छैन-वैदेशिक रोजगारीमा जाने श्रमिकको जीवन-मृत्युसँग जोडिएको विषय बनिरहेको छ। त्यो एउटै पाठ्यक्रमबाट सबै विषयको समाधान खोज्ने, नेपाली जान्दै नजान्नेले पनि नेपालीमा पढ्नुपर्ने, १२ घण्टामा ऐन र नियमका पुलिन्दाको भीडको जानकारी लिनुपर्ने प्रकृतिको छ। एकातिर यसले श्रमिकलाई आर्थिक भार थपेको छ, अर्कोतर्फ अपूर्ण र अव्यावहारिक सूचनाका कारण नेपाली श्रमिकको वैदेशिक रोजगारी सुरक्षित बन्न सकेको छैन। सूचना प्रविधिको विकास र विस्तार भएसँगै कक्षाकोठा, सरकारी टेलिभिजन र पत्रपत्रिकामा प्रकाशन हुने सन्देश नागरिकले हेर्दैनन्। मोबाइल एप्लिकेसन र विभिन्न सामाजिक सञ्जालको व्यापक प्रयोग भएको परिदृश्यबाट सरकारले आफ्नो नीति कार्यान्वयन पद्धतिमा समेत परिवर्तन गर्नु अत्यावश्यक छ। स्वदेश वा विदेशमा हुँदा अधिकांश नेपालीले प्रयोग गर्ने फेसबुक, ह्वाट्सएप, भाइबर, बोटिम, विच्याट, टिकटक र टेलिग्रामजस्ता इन्टरनेटमा आधारित सञ्चारका पद्धतिमा सञ्चार भएको अवस्थामा मात्रै सञ्चार हुन सक्ने अवस्था छ। सरकारी सूचनाहरू श्रमिकसँग पुग्दै पुग्दैन। त्यसैले सामाजिक सञ्जालको प्रयोग गरी हुने ठगीमा व्यापक विस्तार भएको छ। तीन चरणको अभिमुखीकरण: वैदेशिक रोजगारको निर्णय लिनुअघिदेखि विदेशमा रहँदा र नेपाल फर्केपश्चात् पनि श्रमिकलाई उपयुक्त सूचना र सहयोग आवश्यक पर्छ। सामाजिक र आर्थिक पुन:स्थापनासम्बन्धी कार्य गर्ने निकायले पनि समय-समयमा विविध सञ्चारका क्रियाकलाप सञ्चालन गर्नैपर्छ। यस्ता विषय सैद्धान्तिक खपतका लागि भन्दा नीति कार्यान्वयनका हुन्। सही सूचना नै पहिलो सुरक्षा: एक श्रमिकले विदेशिने निर्णय लिनु कुनै सामान्य विषय होइन। यसले परिवार, ऋण, रोजगारी र उज्ज्वल भविष्यको कल्पनालाई पनि आकर्षित गर्छ। सुरक्षित आप्रवासन, वैधानिक प्रक्रिया, सम्भावित ठगी, वास्तविक खर्च र उपलब्ध सरकारी सेवाबारेको प्रारम्भिक चरणको परामर्श नागरिकको पहुँचमा पुग्नुपर्छ। यो चरणमै श्रमिकलाई सही सूचना दिन सकियो भने यसपश्चात्का विभिन्न जोखिम स्वत: न्यूनीकरण गर्न सकिन्छ। यसै चरणमै सरकारका ऐन र कानुनका प्रावधानका सम्बन्धमा व्यावहारिक जानकारी दिन सकिन्छ। यस चरणमा वैदेशिक रोजगारीका ठगीका प्रकृति, वैदेशिक रोजगार व्यवसायीसँग सिधा सम्पर्क, कामको प्रकृति, वास्तविक खर्च र आवश्यक सीपको जानकारी दिन सकियो भने धेरै जोखिम नियन्त्रण गर्न सकिन्छ। यसमा रोजगारीका लागि आवश्यक भाषा, सीप तथा खर्चको जानकारी, सुरक्षित आप्रवासनका विषय, पासपोर्ट बनाउने विधि, कल्याणकारी कोष, बिमा, स्वास्थ्य परीक्षण, सामाजिक सुरक्षा कोषमा जम्मा गर्नुपर्ने रकम, श्रमिकको हक र अधिकारका विषय पनि समावेश गर्न उपयुक्त हुन्छ।




साभार : कान्तिपुर।

सूचना ! सूचना !! सूचना !!!

नहर सार्वजनिक सम्पती हो, नहरको रेखदेख गर्नु सबैको कर्तव्य हो। नहर सफा राख्नु सबैको दायित्व हो। नहरको जमीन अतिक्रमण गर्नु हुदैन। सरकारले निर्धारण गरेको नहरको क्षेत्रफल भित्रको जग्गामा कुनै प्रकारको अतिक्रमण कानुनको बरखिलाफ हो।

जनताको तटबन्ध कार्यालय
महोत्तरी जलेश्वर, मधेश प्रदेश

सूचना ! सूचना !! सूचना !!!

नहर सार्वजनिक सम्पती हो, नहरको रेखदेख गर्नु सबैको कर्तव्य हो। नहर सफा राख्नु सबैको दायित्व हो। नहरको जमीन अतिक्रमण गर्नु हुदैन। सरकारले निर्धारण गरेको नहरको क्षेत्रफल भित्रको जग्गामा कुनै प्रकारको अतिक्रमण कानुनको बरखिलाफ हो।

भुमिगत जलश्रोत सिंचाई विकास डिभिजन कार्यालय
महोत्तरी, मधेश प्रदेश

सूचना ! सूचना !! सूचना !!!

सडक हामी सबैको साझा सम्पति हो। सडक सिमा अतिक्रमण नगरौं। सिमा भित्र फोहर, गोबर, खरानी लगायतका सामानहरु नराखौ। निर्माण समग्री थुपार्ने ढल निकास गर्ने जस्ता कार्यहरु नगरौं। सडकमा दुर्घटनाबाट आफु पनि जोगिऔं र अरुलाई पनि जोगाऔं।

जिल्ला समन्वय समितिको कार्यालय
महोत्तरी जलेश्वर, मधेश प्रदेश

सूचना ! सूचना !! सूचना !!!

सडक हामी सबैको साझा सम्पति हो। सडक सिमा अतिक्रमण नगरौं। सिमा भित्र फोहर, गोबर, खरानी लगायतका सामानहरु नराखौ। निर्माण समग्री थुपार्ने ढल निकास गर्ने जस्ता कार्यहरु नगरौं। सडकमा दुर्घटनाबाट आफु पनि जोगिऔं र अरुलाई पनि जोगाऔं।

पुर्वाधार विकास कार्यालय
महोत्तरी जलेश्वर, मधेश प्रदेश

प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : जय दुर्गा अफसेट प्रेस, जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम–४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday